आज मिति २०८० जेठ २३ गते मंगलबारका दिन बागचौर नगरपालिका सल्यानका नगर प्रमुख श्री जनकराज गौतमज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बस्यो । बैठकको उपस्थिति र निर्णय देहाय बमोजिम छ :-

उपस्थिति

| | |
|---|---|
| श्री जनकराज गौतम | नगर प्रमुख |
| श्री सुम्निमा डि.सि. वली | उप-प्रमुख |
| श्री गंगाराम बस्नेत | १ नं. वडा अध्यक्ष |
| श्री दिपेश डि.सी | २ नं. वडा अध्यक्ष |
| श्री भीम प्रकाश भण्डारी | ३ नं. वडा अध्यक्ष |
| श्री कृष्ण बहादुर बस्नेत | ४ नं. वडा अध्यक्ष |
| श्री जोगेन्द्र वली | ५ नं. वडा अध्यक्ष |
| श्री ज्ञान बहादुर वली | ६ नं. वडा अध्यक्ष |
| श्री प्रेम बहादुर डि.सी. | ७ नं. वडा अध्यक्ष |
| श्री शुसिल जंग चन्द | ८ नं. वडा अध्यक्ष |
| श्री यज्ञ बहादुर डाँगी | ९ नं. वडा अध्यक्ष |
| श्री ज्ञान प्रसास शर्मा धिताल | १० नं. वडा अध्यक्ष |
| श्री केश बहादुर भण्डारी | ११ नं. वडा अध्यक्ष |
| श्री टीकाराम वली | १२ नं. वडा अध्यक्ष |
| श्री रोजी बुढाथोकी | कार्यपालिका सदस्य |
| श्री ढाँका कुमारी वली डि.सी. | कार्यपालिका सदस्य |
| श्री रीता दमाई | कार्यपालिका सदस्य |
| श्री सीता शर्मा | कार्यपालिका सदस्य |
| श्री रेखा कुमारी डाँगी खत्री | कार्यपालिका सदस्य |
| श्री दिपक बि.क. | कार्यपालिका सदस्य |
| श्री रेशम बि.क. | कार्यपालिका सदस्य |
| श्री टिकाराम बि.क. | कार्यपालिका सदस्य |
| श्री अनन्त कुमार गौतम | प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव |

आमन्त्रित

| | |
|---|---|
| श्री तिर्थराज डाँगी | सूचना प्रविधि अधिकृत |

CamScanner

**कार्यपालिका बैठक नं. १२ मिति २०८०।०२।२३ ( आ.व. २०७९।०८०)**

**प्रस्तावहरुः**

१) मनसुन जन्य विपदको कारणले प्रभावित घर परिवारलाई राहत वितरण गर्ने सम्बन्धमा ।

२) नगरपालिकाको प्रतिक चिन्ह (लोगो) छनौट सम्बन्धमा ।

३) विविध

निर्णयहरु

**निर्णय नं. १** मिति २०७९।०६।२० गते देखि २०७९।०६।२५ गते सम्म परेको अविरल वर्षाका कारण यस नगरपालिका अन्तरगत विभिन्न वडाहरुका घरपरिवारहरुको आवासिय घर क्षती भएकोले मिति २०७९।१२।२१ गतेका दिन विपदबाट हुनसक्ने क्षतिको न्यूनिकरण तथा तत्काल उद्दारका लागि विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन समितिको निर्णय अनुसार तपसिल बमोजिमको घरपरिवारहरुलाई प्रतिघरपरिवार राहत अनुदान स्वरुप रकम रु ६० हजार प्रदान गर्ने निर्णय गरियो । साथै उक्त समितिको निर्णयमा छुट भएका घरपरिवारलाई पनि राहत स्वरुप रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २** मिति २०८०।०१।२१ गते नगरपाालिकाको प्रतिक चिन्ह (लोगो) निर्माण सम्बन्धि सूचना आह्वान गरिएकोमा उक्त समयावधि भित्र पेश भई आएका प्रतिक चिन्ह (लोगो) हरुको छनौट गर्ने सम्बन्धमा तपसिल बमोजिमको छनौट तथा मुल्यानङ्कन समिति गठन गर्ने निर्णय गरियो । उक्त समितिले छनौट गरेको प्रतिक चिन्ह (लोगो) लाई आगामी नगरसभामा सिफारिस गर्ने निर्णय गरियो ।

बागचौर नगरपालिकाको प्रतिक चिन्ह (लोगो) छनौट तथा मुल्याङ्कन समिति

१) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

२) नगर प्रवक्ता - सदस्य

३) सामाजिक विकास समिति संयोजक - सदस्य

४) लेखा शाखा - सदस्य

५) सूचना प्रविधि शाखा - सदस्य सचिव

CamScanner

**निर्णय नं. ३** बागचौर नगरपालिकाको मिति २०८०।०२।०७ गते देखि २०८०।०२।१० गते सम्म सञ्चालन भएको दोश्रो मेयरकप प्रतियोगितामा १२ वटै वडाबाट खेलाडीहरु सहभागी गराएकोमा वडा कार्यालयमा उक्त प्रतियोगितामा खेलाडी सहभागिता गराउँदा तथा ड्रेस निर्माणमा लागेको खर्च भुक्तानी गर्न श्रोत नभएकोले उक्त समयको खर्च बिल भरपाईका आधारमा प्रति वडा ६५ हजारका दरले यस आ.व २०७९।०८० को रातो किताबको कार्यक्रम खर्च शिर्षकबाट भुक्तानी गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ४** यस बागचौर नगरपालिका प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत सशर्त तर्फ रोजगारी सिर्जना ( नेपाल सरकार ) शिर्षकबाट तपसिल बमोजिमको शिर्षक र रकम कायम गरि रकमान्तर गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिलः

| क्र.स. | आयोजनाको नाम | बजेट रु | कैफियत |
|---|---|---|---|
| १ | डाँडामाथि सालघारी ठुलाखोला आर्यघाट जाने गोरेटो बाटो निर्माण | ३ लाख | वडा नं. ५ |
| २ | पेटारीपाखा नविन भवानी हुदै घरेलिनेटा जोड्ने गोरेटो बाटो निर्माण | २ लाख ५० हजार | वडा नं ६ |
| ३ | धारछरे गातिन हुदै दुवारा जोड्ने गोरेटो बाटो निर्माण | २ लाख ५० हजार | वडा नं ६ |

**निर्णय नं. ५**: यस बागचौर नगरपालिका वडा नं ६ स्थायी बसोबास भएका श्री लालविर वलीको नाती श्री कलीभान वलीको छोरा श्री भुम बहादुर वलीको मिति २०७९।१२।२९ गते भारतको हिमाचल प्रदेशमा सडक दुर्घटनामा परि निधन भएको र निजको परिवारको आर्थिक अबस्था कमजोर भएको कारण परिवारलाई आर्थिक सहायता स्वरुप २५ हजार उपलब्ध गराउने निर्णय गरियो । सो आर्थिक सहायता निजको श्रीमती गिता वलीको निवेदन र वडा कार्यालको सिफारिसको आधारमा प्रदान गर्ने निर्णय गरियो । साथै बागचौर नगरपालिका वडा नं ६ निबासी श्री गोलु दमाईको नाति श्री मानसिंह दमाईको छोरा श्री लोकमान दमाई खरको छाना विस्थापन गरि टिन राख्नुपर्ने भएको र निजको आर्थिक अवस्था पनि निकै कमजोर भएकोले निजलाई आर्थिक सहायता स्वरुप रु २५ हजार प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**: यस बागचौर नगरपालिका वडा नं. १० बस्ने कल्पना के.सीको घर मिति २०८०।०२।१८ गतेका दिन आगलागी भई क्षति भएकोले निजलाई आर्थिक सहायता स्वरुप रु २० हजार प्रदान गर्ने निर्णय गरियो ।

CamScanner

**निर्णय नं. ७:** बागचौर नगरपालिकाले मिति २०८०।०१।१२ गते Construction of Cold Store at Bagchaur Municipality BM-SAL-WORKS-NCB-16-2079/80 ठेक्का आह्वान भएकोमा संघीय सरकार तथा प्रदेश सरकाबाट उपलब्ध गराइने वित्तिय समानिकरण अनुदानको अन्तिम किस्ताको ५० % रकम कटौती गरेको, आन्तरिक राजश्व अपेक्षाकृत रुपमा संकलन हुन नसकेको साथै आगामी आर्थिक वर्षमा समेत चालु आर्थिक वर्षको दायित्व बहन गर्न नसकिने अवस्था भएकोले उक्त ठेक्का रद्द गर्ने सर्वसम्मत निर्णय गरियो ।